नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# युवा तथा साना व्यवसायी स्वरोजगार कोषको

## थोक कर्जा माग सम्वन्धि प्रस्ताव पेश गर्ने बारेको सूचना

**प्रकाशित मितिः २०८२ पौष २० गते आइतबार**

कोषबाट थोक कर्जा लिई कोषको उद्देश्य अनुसार बेरोजगार व्यक्तिहरुलाई व्यक्तिगत तथा सामुहिक जमानीमा कर्जा प्रवाह गरी स्वरोज़गार बनाउन चाहने सहकारी संस्थाहरुले कोषले तोकेको मापदण्ड पुरा गरी तोकिएका कागजात संलग्न राखी २१ दिन (मिति २०८२ माघ १० गते) कार्यालय समय भित्र कोषको वेभसाइट www.ysef.gov.np मा गई https://register.ysefgov.com लिंकमा अनलाइन दर्ता गरी कर्जा प्रस्ताव फारम (अनुसूची २) पूर्णरुपमा भरी कर्जा असुली सहजकर्तालाई रुजु गराई जिल्ला कर्जा असुली उप-समितिको कार्यालय (जिल्ला प्रशासन कार्यालय) मा कर्जा प्रस्ताव पेश गर्नुहुन यो सूचना आव्हान गरिएको छ। सूचनाको अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कर्जा प्रस्ताव पेश गर्न सकिनेछ। मापदण्ड सहितको विस्तृत सूचना कोषको वेभसाइट www.ysef.gov.np मा राखिएको छ।

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# युवा तथा साना व्यवसायी स्वरोजगार कोषको

# थोककर्जा लिन चाहने सहकारी संस्थाहरूलाई जरुरी सूचना

<u>राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मितिः २०८२ पौष २० गते आइतबार</u>

कोषबाट थोककर्जा लिई कोषको उद्देश्यानुसार आर्थिक रुपले बिपन्न, महिला दलित, आदिबासी जनजाती, मधेसी, थारु. सीमान्तकृत. लोपोन्मुख, अल्पसंख्यक, मुस्लिम. अपाङ्ग भएका व्यक्ति, द्वन्दपीडित तथा पिछडिएका क्षेत्रका व्यक्ति, गरिब किसान, मजदुरलाई कोषले तोकेको समयमा व्यक्तिगत वा सामूहिक कर्जा प्रवाह गरी स्वरोजगार बनाउन देहाय बमोजिम मापदण्ड पूरा गरेका ईच्छुक सहकारी संस्थाहरूले तोकिएका कागजात संलग्न राखी २१ दिनभित्र अर्थात् २०८२ माघ १० गते कार्यालय समयभित्र कर्जा प्रस्ताव फारम पूर्ण रूपमा भरी सम्बन्धित जिल्लाका कर्जा असुली सहजकर्तालाइ कागजात रुजु गराई https://register.ysefgov.com मा अनलाईन दर्ता गरि जिल्ला कर्जा असूली उप-समितिको कार्यालय (जिल्ला प्रशासन कार्यालय) र काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्लाको हकमा कोषको केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुरमा प्रस्ताव पेश गर्न हुन यो सूचना आह्वान गरिएको छ । सहजकर्ताहरुले सूचनाको अबधि सकिएको ७ दिन भित्र सहकारी संस्थाका प्रस्ताबहरु कोषको कार्यालयमा आइपुग्ने गरि पठाउनु पर्नेछ । अन्यथा कर्जा माग प्रस्ताब स्वत: रद्द हुनेछ । सूचनाको अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कर्जा प्रस्ताव पेश गर्न सकिनेछ ।

**१. कर्जाप्रस्ताव पेश गर्ने सहकारी संस्थाहरूले पूरा गर्नुपर्ने मापदण्डहरूः**

क) संस्थाको कार्यक्षेत्र, शेयरपुँजी, सदस्य सङ्ख्या र सञ्चालन अवधिः

| क्रम सङ्ख्या | कार्यक्षेत्र | शेयरपुँजी(लाख मा) | शेयर सदस्य सङ्ख्या (जना) | सञ्चालन अवधि (वर्ष) |
|---|---|---|---|---|
| १. | महानगरपालिका | ३५ | ५५० | संस्था दर्ता भई संचालनमा आएको २ वर्ष पुरा गरेको एबं आर्थिक वर्ष ०८०/८१ र ०८१/८२ नाफामा रहेको । |
| २. | उप-महानगरपालिका | २५ | ४५० | |
| ३. | नगरपालिका | १० | ३०० | |
| ४. | गाउँपालिका | ४ | १५० | |
| ५. | महा/उप-महा /उत्पादनमूलक (कृषि सहकारीसंस्था) | १० | २०० | |
| ६. | नगरपालिका/उत्पादनमूलक (कृषि सहकारीसंस्था) | ४ | १५० | |
| ७. | गाउँपालिका उत्पादनमूलक (कृषि सहकारीसंस्था) | ३ | १०० | |
| ८. | दुर्गमका जिल्लाहरूका सहकारीसंस्थाहरूः **(दार्चुला, बझाङ, बाजुरा, अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, मुगु, हुम्ला, मनाङ, र मुस्ताङ)** | २ | ७५ | संस्था दर्ता भई संचालनमा आएको २ वर्ष पुरा गरेको एबं आर्थिक वर्ष ०८१/८२ नाफामा रहेको । |
| ९. | महिला द्वारा संचालित सहकारी संस्था | २ | ७५ | |

ख) २०८१ आषाढ मसान्तसम्मको लेखापरीक्षण सम्पन्न भई संस्था सञ्चित नोक्सानीमा नरहेको हुनु पर्नेछ। दुर्गमका जिल्लाहरूका र महिला द्वारा संचालित सहकारी संस्थाहरुको २०८२ असार मसान्तसम्म सञ्चित नोक्सानीमा नरहेको हुनु पर्नेछ ।

ग) आर्थिक वर्ष २०८१/८२ मा भाखा नाघेको ऋण कूल ऋण लगानीको ५ प्रतिशतभन्दा बढी नभएको हुनु पर्नेछ । कर्जा वर्गीकरण गरी नियम अनुसारको कर्जा जोखिम कोषको व्यवस्था गरेको हुनु पर्नेछ।

घ) सञ्चालक, लेखा र ऋण उप-समितिका सदस्य तथा पदाधिकारीहरू सहकारी संस्थाको कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेको प्रमाण (नागरिकता प्रमाणपत्र/राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र वा जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रति) हुनु पर्नेछ। बसाईसरी आएकाको हकमा स्थानीय पञ्जिकाधिकारीको सिफारिस पेश गर्नु पर्नेछ ।

ङ) संस्थाले कार्यालय खोली नियमित रूपमा कार्यसञ्चालन गरेको हुनु पर्नेछ ।

च) कर्जा माग प्रस्ताव गर्दा सहकारी संस्थाका मौजुदा तथा तत्कालीन पदाधिकारी एवम् सदस्यहरूको दायित्व कोषको कर्जा चुक्ता नहुँदासम्म कायम रहनेछ ।

छ) सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य निकायबाट कुनै कैफियत नदेखिएको हुनु पर्नेछ ।

२. **संस्थाले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरूः**

क) माथिको बुँदा नं. १ को (क) मा उल्लेखित भएअनुसारको लेखा परीक्षण प्रतिवेदन (वासलात, नाफा-नोक्सान हिसाब, नगदप्रवाह विवरण, लेखानीति तथा टिप्पणी र सोको अनुसूचीहरू), लेखा परीक्षकको संस्थादर्ता, नवीकरण प्रमाणपत्र, करचुक्ता र मूल्यअभिवृद्धिकर (भ्याट)/स्थायी लेखा नम्बर (प्यान) दर्ताको प्रमाणित छायाँप्रति पेश गर्नु पर्नेछ ।

ख) कोषको कर्जा प्रस्ताव फारम पूर्ण रूपमा भरी प्रत्येक पानामा अध्यक्ष र ब्यबस्थापकको हस्ताक्षर गरी संस्थाको छाप लगाएको हुनु पर्नेछ ।

ग) बचत तथा ऋण र बहुउद्देश्यीय तथा रू. १ करोडभन्दा बढी कारोबार गर्ने सहकारी संस्थाहरूको हकमा आर्थिक वर्ष २०८१/८२ को लामोफाराम (लङ्गफर्म) र पर्ल्स प्रतिवेदन पेश गर्नु पर्नेछ । साथै लेखापरीक्षण प्रतिवेदनमा UDIN नम्बर अनिवार्य उल्लेख भएको हुनु पर्नेछ । उत्पादनमूलक सहकारी संस्थाको हकमा पर्ल्स प्रतिवेदन नभएमा लेखा परीक्षकबाट कर्जा वर्गीकरण र भाखा नाघेको/ननाघेको प्रमाणितपत्र संलग्न हुनु पर्नेछ ।

घ) सहकारी संस्थाका सञ्चालक, लेखा तथा कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरूको विवरण कर्जा प्रस्ताब फारम (अनुसूची २) मा दिईएको ढाँचामा स्थानीयतहको सिफारिस पत्र पेश गर्नु पर्नेछ।

ङ) सहकारी संस्थाको सञ्चालक, लेखा तथा कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरूको नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणित छायाँप्रति पेश गर्नु पर्नेछ । सञ्चालक, लेखा, कर्जा उप-समिति र व्यवस्थापकको नाममा रहेको जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रति एवम् उक्त जग्गाको चालु आर्थिक वर्षको तिरो तिरेको रसिदको प्रमाणित छायाँप्रति पेश गर्नु पर्नेछ । सञ्चालक, लेखा, कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरू र व्यवस्थापकको आफ्नो नाममा घरजग्गा नभएमा एकाघर परिवारको जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रतिको साथै सम्बन्धित धनीको मञ्जुरीनामा पेश गर्नु पर्नेछ । आफ्नो वा एकाघर परिवारका सदस्यको नाममा कुनै घरजग्गा नभएकाको हकमा सम्बन्धित पालिकाबाट स्वीकृत लिई बसोबास गरेको घरजग्गाको निस्सा र सोबारे पालिकाले गरेको सिफारिसपत्र पेश गर्नु पर्नेछ ।

च) संस्थाको आफ्नै घरजग्गा भए सोको प्रमाण र संस्थाको आफ्नो कार्यालय भवन नभएमा कार्यालय सञ्चालन भएको घरबहाल सम्झौतापत्रको प्रमाणित छायाँप्रति पेश गर्नु पर्नेछ।

छ) माथि बुँदा नं. १ को मापदण्ड अनुसार संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (प्यान), सम्बन्धित दुई आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको छायाँप्रति पेश गर्नु पर्नेछ ।

ज) विनियमको प्रमाणित छायाँप्रति पेश गर्नु पर्नेछ । विनियममा अन्य कोष, सङ्घ/संस्थामार्फत् कर्जा लिने/दिने व्यवस्था भएको हुनु पर्नेछ ।

३. **सहकारीका सञ्चालक, लेखा तथा कर्जा उप-समितिले निर्णय गरी पेश गर्नुपर्ने कागजातहरूः**

क) समितिका सदस्यहरूले स्वरोजगार कर्जा माग गर्ने निर्णय र आफ्नो कार्यक्षेत्रभित्र बसोबास गर्ने बेरोजगारहरूलाई स्वरोजगार बनाउने प्रतिबद्धता ।

ख) "कोषको रकम पूर्णरूपमा सदुपयोग गरी साँवा ब्याज फिर्ता गर्न मञ्जुर गरी सोअनुसार कोषमा रकम दाखिला नगरेमा आफ्नो र एकाघर परिवारका सदस्यको नाममा भएको चल/अचल सम्पत्ति जायजेथाबाट असूल-उपर गरेमा मञ्जुर छ । कर्जा दुरुपयोग गरेमा वा समयमा कोषमा साँवा-ब्याज फिर्ता नगरेमा सञ्चालक, लेखा र कर्जाउप-समितिका पद्धाधिकारी तथा सदस्यहरूलाई सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट दिने सेवा/सुविधाबाट बञ्चित गर्ने, कालोसूचीमा राख्ने, बैङ्क/वित्तीय संस्थामा रहेको खाता रोक्का गर्ने, सरकारीधन मासेसरह कार्यवाही गर्ने लगायतका प्रचलित कानुनबमोजिम कारवाही गरी कोषको रकम असूल गरेमा मञ्जुर छ" भन्ने व्यहोराको व्यक्तिगत/सामूहिक मञ्जुरीनामाको निर्णय ।

ग) सहकारी संस्था एवम् सञ्चालक, लेखा तथा कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरू कालोसूचीमा परे/नपरेको व्यहोराको स्व-घोषणा ।

घ) सहकारी संस्थाले बैङ्क/वितीय संस्था वा अन्य कुनै संस्थाबाट कर्जा लिएको भएमा सोको सम्बन्धित संस्थाबाट लिएको साख सूचना पेश गर्नु पर्नेछ । नलिएको भएमा कर्जा नलिएको स्व-घोषणा ।

४. **कोषसँग पुनः कर्जा कारोबार गर्न ईच्छुक संस्थाहरूले पूरा गर्नुपर्ने मापदण्डहरूः**

यसअघि लिएको कोषको कर्जा रकम नियमित रुपमा बुझाइरहेका र २०८३ असार सम्म पूर्णचुक्ता गर्ने समय अबधि भएका सहकारी संस्थाहरूले मात्र माग प्रस्ताव पेश गर्न सक्नेछन् । तीन किस्ता भन्दा बढी अवधि भाखा नाघेका सहकारी संस्थाको आवेदन रद्द हुनेछ ।

५. **प्रस्ताव मूल्याङ्कन, छनौट र कर्जा रकमः**

क) पेश भएका प्रस्तावहरू कोषको नियमानुसार स्थलगत निरीक्षण गरी सिफारिस भएपछि कोषबाट आवश्यक मूल्याङ्कन गरी प्रथम पटकमा अधिकतम् ५० लाख र यसअघि कर्जा सम्झौता गरी नियमित कर्जा चुक्ता गरेका संस्थालाई बढीमा रू. १ करोडसम्म कर्जा स्वीकृत गर्न सकिनेछ ।

ख) उपर्युक्तानुसार कर्जा प्रस्ताव फारम पूर्ण नभरिएका, मापदण्ड पूरा नगरेका, कागजात नपुगेका संस्थाहरूको कर्जा प्रस्ताव स्वतः रद्द भएको मानिनेछ ।

ग) कर्जा स्वीकृत गर्नेसम्बन्धी सम्पूर्णाधिकार कोषमा निहित रहने छ ।

घ) कर्जा प्रस्ताव फारम (अनुसूची २) र स्थानीय तहको सिफारिस पत्रको नमूना कोषको वेवसाईट www.ysef.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

६. Gen - Z **प्राथमिकता :**

कर्जा लगानी गर्दा सहकारी संस्थाले Gen - Z लाई प्राथमिकता राखी लगानी गर्नु पर्नेछ ।

*(पुनश्चः उत्पादनमूलक सहकारीसंस्था भन्नाले कृषि, पशुपालन, दुग्ध उत्पादन, माछापालन, मौरीपालन लगायतका विषयगत उत्पादन वा प्रशोधनमा संलग्न सहकारी संस्थाहरूलाई सम्झनुपर्दछ ।*
*बैङ्क/वित्तीय संस्थाहरूको हकमा कोष कार्यालय, कुपण्डोल, ललितपुरमा जुनसुकैबेला थोककर्जा प्रस्ताव पेश गर्न सक्नेछन् ।)*